प्रणयन वर्ष २५, अङ्क ७, २०८१
ISSN (Print) : 2505-0818
Submitted Date : October 26, 2024
Accpted Date : January 15, 2025
त्रि.वि. प्राध्यापक सङ्घ, क्याम्पस एकाइ समिति,
तेह्रथुम बहुमुखी क्याम्पस, आठराई, चुहानडाँडा

# आठराई गाउँपालिकाका माध्यमिक तहका विद्यालयहरूको गुणस्तर व्यवस्थापन

**पोष्टराज लामिछाने**

## सार

शैक्षिक संस्थाहरूमा गुणस्तर व्यवस्थापन एक नवीन सोच हो । ग्रामीण क्षेत्रका माध्यामिक विद्यालयहरूमा नेपाल सरकारले गुणस्तरीयता शिक्षाका लागि तोकेका न्यूनतम मापदण्डहरू अनुसार भौतिक पूर्वाधार, संस्थागत विकास तथा सुशासन लगायतलाई उचित व्यवस्थापन गरी विद्यालयहरू अ सञ्चालन हुन सकेका छैनन् । यस अध्ययनले आठराई गाउँपालिकाका माध्यमिक विद्यालयहरूको नतिजाको अवस्था, पूर्वाधारको उपलब्धता तथा गुणस्तरीयता, संस्थागत विकाश तथा सुशासन प्रणाली गुणस्तर व्यवस्थापनका सम्भावना, चुनौती र समाधानका लागि अपनाउन सकिने उपायहरूको अध्ययन गरिएको छ । यस अध्ययनमा वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान विधि अपनाइ आठराई गा.पा भित्रका ९ वटा माध्यमिक विद्यालयहरूलाई अध्ययन लागि नमुना रूपमा छनौट गरिएको छ । प्राथमिक तथा द्वितीय स्रोतहरू प्रयोग गरी तथ्याङ्कहरू सङ्कलन गरिएको छ साथै तालिका, चित्र, प्रतिशत, औसत तथा भावत्मक विधि प्रयोग गरी तथ्याङ्कहरू विश्लेशण गरिएको छ । पहाडी जिल्लाका गाउँपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरूको नतिजा उत्तीर्ण प्रतिशत औसतमा राम्रो देखिए तापनि त्यसको गुणात्मक पक्ष कमजोर रहेकोछ । भौतिक पूर्वाधार, संस्थागत विकास तथा शुसासनका सूचकहरू धेरै पूरा गरेका विद्यालयहरूको नतिजा उत्तीर्ण प्रतिशत बढी रहेकोछ । समग्र गुणस्तर व्यवस्थापनका विधिहरूलाई आत्मसात गरी सरोंकारवालाहरूको निरन्तर लगाव र इमान्दारीताबाट विद्यालयहरूको गुणस्तर व्यवस्थापनका सूचकहरूलाई क्रमश : सुधार गर्न सकिन्छ । माध्यामिक विद्यालयहरूको गुणस्तर व्यवस्थापन गर्न सकेमा रान्यको अर्थिक सामाजिक तथा सांस्कृतिक रूपान्तरणको आवश्यकता पूरागरि विश्वबजारको माग अनुसारको जनशक्ति उत्पादन गर्न सकिन्छ ।

***शब्द कुञ्जी :*** मापदण्ड, शिक्षालय, मूल्याङ्कन, अध्ययन, अध्यापन, विश्लेषण

## १. परिचय (Introduction)

कोशी प्रदेश अन्तर्गत उत्तरी पहाडी क्षेत्रमा पर्ने तेह्रथुम जिल्लाको आठराई गाउँपालिका यस भेगको शैक्षिक विकासको अग्रणी पालिका हो । वि.स. १९८६ सालमा आठराइको मूलपानीमा भाषा पाठशाला स्थापना भए पश्चात यस क्षेत्रमा औपचारिक शिक्षालयको सुरूवात भएको पाइन्छ, हाल यस पालिकामा ५९ वटा सबै तहका विद्यालयहरू दुई वटा उच्चशिक्षा प्रदान गर्ने क्याम्पस र १ वटा प्राविधिक शिक्षालय सञ्चालनमा रहेका छन् । मध्यपहाडी लोकमार्गले यस पालिकालाई बिचबाट चिरेर सञ्चालनमा छ भने ७ वटा वडामा विभाजित यस पालिकाकाको केन्द्र संक्रान्तिबजारमा पर्दछ यस पालिकामा ९ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन भने माध्यमिक विद्यालयकमा अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या १९१९ रहेको छ (पालिका शिक्षा शाखा, २०८१) । जसमा, श्री शारदा मावि चुहानडाँडा, श्री पोखरी मावि छातेढुङ्गा, श्री प्रणामी मावि इवा, श्री सरस्वती मावि हवाकु, श्री त्रिमोहन मावि सक्रान्ति बजार, श्री राम सस्कृत मावि खेलपुर, श्री कृष्ण मावि डाँडागाँउ, श्री महेन्द्र मावि खाम्लालुङ र श्री भगवती मावि थोक्लुङ रहेका छन भने माविमा कार्यरत शिक्षकहरूको सङ्ख्या १५२ (स्रोत पालिका शिक्षा शाखा) रहेको छ यस अनुसन्धानात्मक लेखले आठराइ गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालयहरूको शैक्षिक गुणस्तर व्यवस्थापन सम्बन्धी विभिन्न मापदण्डहरूको आधारमा सूचनाहरू सङ्कलन गरी अध्ययन तथा विश्लेषण गरी शैक्षिक संस्थाहरूको गुणस्तर व्यवस्थापन सम्बन्धी अवस्थालाई प्रस्तुत गरेको छ ।

## गुणस्तर व्यवस्थापन (Quality management)

गुणस्तर भनेको गुण तथा विशेषताहरूको समग्र रूप हो जसले तोकिएका वा अप्रत्यक्ष आवश्यकताहरू पूरा गर्ने क्षमता राख्दछ अर्थात सेवा प्रवाहमा श्रेष्ठताको बोध गराउनु नै गुणस्तर हो । Bhawani Sankar acharya (2079) अनुसार गुणस्तरीय शिक्षा भन्नाले शिक्षा प्रदान गर्ने निकाय वा संस्थाको सेवा प्रवाहमा मानव जीवनलाई आवश्यक पर्ने सीप ज्ञान र क्षमतामा अभिवृद्धि गरी उनीहरूको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनुलाई भनिन्छ विस्तृत अर्थमा आधारभूत मानवीय गुण ज्ञान सिप क्षमता र आचरण आर्जन गरी सभ्य शिष्ट नैतिकवान् चरित्रवान सुसस्कृत अनुशासित स्वावलम्बी र आदेश पालक नागरिक तयार गर्ने शिक्षा नै गुणस्तीय शिक्षा हो ।

गुणस्तर व्यवस्थापन भनेको सङ्गठनका सम्पूर्ण क्रियाकलाप प्रक्रियाहरू गुणस्तर प्रति सचेतना ल्याउनु र त्यसलाई लागु गर्ने दीर्घकालीन योजनालाई गुणस्तर व्यवस्थापन भनिन्छ । गुणस्तर व्यवस्थापन संस्थाको व्यवस्थापकीय सोच हो जसले एउटा छाताको काम गर्दछ, त्यसमुनि बसेका सबै क्रियाकलापलाई सम्पादन गरी श्रेष्ठतम सेवा दिलाउन क्रियाशील गराउँदछ । अर्थात संस्थाभित्र सम्पादन गरिने क्रियाकलाप प्रक्रिया र प्रणालीमार्फत सेवा प्रदायकको अपेक्षामा एकरूपता ल्याउने कार्यलाई गुणस्तर व्यवस्थापन भनिन्छ । शैक्षिक संस्थाहरू मा शैक्षिक गुणस्तर व्यवस्थापनको अवधारणा नवीन धारणा हो । उचित पाठयक्रम निर्माण योग्य र अनुभवी शिक्षक, पर्याप्त पूर्वाधार,  शैक्षिक सामग्रीहरूको पर्याप्तता गुणस्तरीयता विद्यार्थीमुखी शिक्षण सिकाई क्रियाकलापको साथै विद्यार्थीहरूले आफ्नो ज्ञान, क्षमता र सिर्जनशीलता उजागर गर्न सक्ने मूल्याङ्कन तथा मापन प्रणाली भएमा मात्र समग्रमा शैक्षिक गुणस्तर व्यवस्थापन गर्न सकिन्छ ।

नेपालका अधिकांश सामुदायिक विद्यालयहरूको व्यवस्थापकिय पक्ष भौतिक पूर्वाधार संस्थागत विकास, सुशासन, पठनपाठन तथा शैक्षणिक क्रियाकलाप, विद्यार्थीहरूको उत्तीर्ण प्रतिशत हालसम्म सन्तोषजनक र राज्यका निकाय र समाजले अपेक्षा गरे अनुसार हुन सकेको छैन । यस अध्ययनको सैद्धान्तिक पुनरावलोकन तिनै पक्षहरू मा केन्द्रित हुनेछ । डा. केदार नारायण श्रेष्ठ (२०१४) ले "Genuine efforts for quality in some community schools" शीर्षकमा ललितपुर जिल्लामा संञ्चालित १० वटा राम्रा विद्यालयहरू पहिचान गरी त्यस विद्यालयहरू मा अध्यापन गराउने शिक्षकहरूको व्यवहार भौतिक पूर्वाधारको अवस्था शिक्षण विधि तथा शैक्षणिक सामग्री, मूल्याङ्कन प्रक्रिया विद्यालयहरूको नेतृत्व तथा व्यवस्थापकीय पक्ष, समुदायको सहयोग मूल्याङ्कन प्रक्रिया र विद्यालय सञ्चालन प्रक्रिया आदिको पहिचान मूल्याङकन तथा विश्लेषण गर्ने उद्देश्य राखेर अनुसन्धान प्रतिवेदन प्रस्तुत गरेका छन् । नमुनाका रूपमा छनौट गरेका १० विद्यालयहरूबाट प्रश्नावली प्रत्यक्ष भेटघाट बैठक गरी अध्ययनका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्कहरू सङ्कलन गरेका छन् ।

उनले सामुदायिक विद्यालयहरूको गुणस्तर वृद्धिका लागि भौतिक पूर्वाधार, विद्यार्थी नतिजा, समुदायसँगको सम्वन्ध शिक्षकहरूको भूमिका, विद्यालयको नेतृत्व प्रभावकारी महत्वपूर्ण हुने कुरामा जोड दिएका छन् । अनुसन्धानमा धरै विद्यालयका प्र.अ हरू अवकाश नहुन्जेलसम्म प्र.अ भएर बस्न खोज्ने, व्यवस्थापन समिति र राजनैतिक दलहरूका नेताले खाली तथा रिक्तदरवन्दीमा नियुक्ति गर्न दबाब दिने व्यवस्थापन समितिमा स्थानीय व्यक्तिहरू नहुने, अभिभावकहरू बैठकमा नआउने, वैठक हल पर्याप्त नहुने, शिक्षकहरूको विद्यालयमा फुसर्दको समय पर्याप्त भए पनि विद्यार्थीको गृहकार्य र कक्षाकार्य जाँच तथा सहयोगमा संलग्न गराउन नसकेको अनुसन्धानबाट पाइएको तथ्य प्रस्तुत गरेका छन् ।

त्यस्तै सामुदायिक विद्यालयहरूमा पर्याप्त पूर्वाधार कम्प्युटर ल्याव, लाइब्रेरी नहुँदा तथा भएका स्रोत साधनलाई प्रभावकारी ढङ्गले उपयोग गर्न नसक्दा उपेक्षित गुणस्तर तथा नतिजा प्राप्त गर्न नसकिएको साथै विद्यालयले निर्माण गरेको योजना अनुसार विद्यालय सञ्चालन नगरिएको कुरा अध्ययन प्रतिवेदनमा प्रस्तुत गरेका छन् ।

गुणस्तरीय शिक्षा शीर्षकमा पृथ्वीनारायण क्याम्पस पोखरामा कार्यरत श्री कृष्ण पन्थी (२०२२) ले गुणस्तरीय शिक्षाको सैद्धान्तिक पक्षहरूको अध्ययन गरेका छन् । उनले गुणस्तरीय शिक्षाका आधारहरू शैक्षिक वातावरण, पूर्वाधार, विद्यार्थी शैक्षणिक सामाग्री, विधि वा प्रक्रिया र उपज तथा नतिजालाई विगतमा गरिएका अध्ययन अनुसन्धानवाट प्राप्त तथ्य, तथ्याङक, ज्ञान, प्रतिवेदन, साहित्य, एकेडेमिक अनुसन्धानका निष्कर्षहरूलाई सङ्कलन गरी Content analysis र meta Analysis विधिहरूको प्रयोग गरी सैद्धान्तिक अवधारणा प्रस्तुत गर्दा UNESCO (2005) को गुणस्तीय शिक्षा सम्बन्धी मापदण्ड, ISO 9000–2000 अर्न्तगतका सैद्धान्तिक पक्ष तथा प्रक्रिया उच्च शिक्षामा विश्वविद्यालय अनुदान आयोगले QAA प्राप्त गर्ने प्रक्रियाका लागि तोकिएको मापदण्ड तथा सूचकहरू र Self Assessment का १० वटा सुचकहरू Acess (5%) Service to student (5%), Leadership (15%) physical Environment and Resources (5%), Learning and Teaching (20%), Students (15%), Staff (15%), external relations (5%), organization (5%) र standard (10%) आदि मापदण्ड, सूचक र आधारहरू सँग तुलना गरी अध्ययन तथा विश्लेषण गरेका छन् ।

अनुसन्धानमा नेपालमा सञ्चालित माध्यामिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पठनपाठन हुने विद्यालयहरूको गुणस्तर उच्च रहेको, विश्वबजारको आवश्यकता अनुसारको शैक्षिक वातावरण नीति

निर्माताले बनाउन नसकेको, सरकारले गुणस्तरमा आधारित शिक्षा प्रदान गर्ने दृष्टिकोण भन्दा अधिकार प्रत्याभूति गराउने दृष्टिकोणमा जोड दिएको कुरा अध्ययनको निष्कर्षमा प्रस्तुत गरेका छन् । त्यस्तै समता र गुणस्तर दुबैमा केन्द्रित भई विद्यार्थी, शिक्षक र अभिभावकहरूलाई एकाकर गरी सरकारले शैक्षिक गुणस्तर व्यवस्थापनमा जोड दिनुपर्ने सुझाव समेत प्रस्तुत गरेका छन् ।

शिक्षा क्षेत्र सम्बन्धी विज्ञ वाबुकाजी कार्की (२०७६) ले गुणस्तरीय शैक्षिक वातावरण शीर्षकको लेखमा विद्यालयहरूमा रोचक र गुणस्तरीय शैक्षिक वातावरणीय सुनिश्चितताको लागि प्रत्यक्ष सरोकार राख्ने शिक्षक, विद्यार्थी, अभिभावक तथा व्यवस्थापन समिति लगायतकासँग समधुर सम्बन्ध, सहकार्य, सदभाव, सहयोग उत्साहजनक वातावरण तर्जुमा एवम् सिर्जना गरिनुपर्दछ । उनले विद्यालयहरूको गुणस्तरका लागि शिक्षकहरूको जागिरको स्थायित्व, लगनशीलता, सक्रिय व्यवस्थापन समिति, संवैधानिक शिक्षक सेवा आयोग, सकारात्मक सोच भएका अभिभावक, विद्यालयमा अनुशासित वातावरण निर्माण गर्ने आचारसंहिता १८० दिन नै विद्यालय खुल्ने वातावरण बनाउनुपर्ने तर्कमा जोड दिएका छन् । त्यस्तै विद्यालयमा नौ (अ) अभिभावक, अध्यापक अध्ययनार्थी (विद्यार्थी), अध्ययन विषय र विधि, अनुशासन, अपनत्व, अनुदान अनुगमन र निरीक्षण, र अनुसन्धानलाई मध्यनजर राखेर सरकार तथा विद्यालयहरूले योजना तथा कार्यक्रम निर्माण गरी कार्यावन्यन गर्न सके उचित गुणस्तरीयता हासिल गरी असल नागरिक उत्पादन गर्न सकिने कुरा प्रस्तुत गरेका छन् ।

माथि पुनरावलोकन गरेका अनुसन्धात्मक लेख प्रतिवेदनहरू सैद्धान्तिक पक्षमा बढी केन्द्रित छन् । सामुदायिक विद्यालयहरूको वास्तविक अवस्था पहिचान गर्ने तथ्याङ्कहरू प्रस्तुत गर्न सकेका छैनन् । वर्तमान समयसम्म शिक्षा मन्त्रालय अर्न्तगत शिक्षा विभागले गुणस्तरीय शिक्षाका लागि तोकेका २५ वटा मापदण्ड तथा सूचकहरू प्रचलित गुणस्तर व्यवस्थापन सम्बन्धी विधिहरूको आधारमा आठराई गा.पा. अन्तर्गत सञ्चालित माध्यमिक विद्यालयहरूको गुणस्तर व्यवस्थापन सम्बन्धी अवस्थाको चित्रण गर्नेमा अनुसन्धान केन्द्रित हुने छ । तसर्थ यस अध्ययनमा आठराई गाउँपालिकाका माध्यमिक विद्यालयहरूको नतिजाको अवस्था, पूर्वाधारको उपलब्धता तथा गुणस्तरीयताको संस्थागत व्यवस्थापन र सुशासन प्रणाली, र गुणस्तर व्यवस्थापनका सम्भावना. र चुनौतीहरू पहिचान गरी गुणस्तरीयतामा श्रेष्ठता हासिल गरी प्रतिस्पर्धी र अब्बल शैक्षिक संस्था बनाउन अपनाउन सकिने उपायहरूको समेत अध्ययन गरिएको छ ।

## २. अध्ययन विधि (Methodology)

यस अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक अनुसन्धान विधिमा आधारित छ । आठराई गा.पा का ९ वटा माध्यमिक विद्यालयहरू र ती विद्यालयका विगतका ३ शैक्षिक सत्रका विद्यार्थीहरूमध्ये ८, १० र १२ कक्षाको नतिजालाई उद्देश्यमूलक नमुना प्रयोग गरी अध्ययनको नमुना छनौट गरिएको छ । अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरू प्राथमिक तथा द्वितीय स्रोतहरू प्रयोग गरी सङ्कलन गरिएको छ । जसमा प्रश्नोत्तर विधि, प्रत्यक्ष कुराकानी, टेलिफोन सम्पर्क र सामुहिक छलफल तथा पुस्तक, पत्रिका, अनलाइन आदिको विधिहरूबाट आवश्यक सूचना तथा तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलन गरिएका तथ्याङ्हरूलाई तथ्याङ्शास्त्रीय विधिअनुसार तालिका, चित्र, प्रतिशत, औसत प्रयोग तथा गुणात्मक विधिको प्रयोग गरी अनुसन्धानको उद्देश्य अनुसार अध्ययन विश्लेषण र तुलना गरी निष्कर्ष निकालिएको छ ।

## ३. तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण (Data presentation and Analysis)

अध्ययनका लागि नमुनाको रूपमा छनौट गरिएका आठराई गाउँपालिकामा सञ्चालित विद्यालयहरूको गुणस्तर व्यवस्थापनसँग सम्बन्धित सङ्कलन गरिएका सूचना तथा तथ्याङ्कहरूलाई अध्ययनको उद्देश्य अनुसार तपसिल बमोजिम प्रस्तुतीकरण एवं विश्लेषण गरिएकोछ ।

### क) वार्षिक नतिजाको अवस्था

यसमा माध्यमिक विद्यालयहरूमा विगतका तीन शैक्षिक सत्र २०७७/०७८, २०७८/०७८, र २०७९/८० को कक्षा ८, १० र १२ कक्षाको नतिजालाई समग्ररूपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**Table No 1**

*Annual / Academic Year Result*

| Academic Year | class, Number of student and Result | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | class 8 | | | 10 | | | 12 | | |
| | Attend | pass | Pass % | Attend | pass | pass % | Attend | pass | pass % |
| 2077/78 | 223 | 217 | 97.31 % | 311 | 304 | 97.75 | 210 | 128 | 60.95 % |
| 2078/79 | 211 | 201 | 95.3 % | 323 | 296 | 91.60 | 228 | 98 | 43 % |
| 2019/80 | 218 | 100 | 45.87 % | 269 | 208 | 77.32 | 239 | 119 | 49.97 % |

*Sources : Secondary Schools of Aatharai Rural Municipality 2078,79,80*

माथिको तालिकामा प्रस्तुत भएको तीन शैक्षिक सत्रको नतिजाको विश्लेषण गर्दा कक्षा ८ र १० दुबै कक्षाको वार्षिक नतिजा प्रतिशत घट्दो दरमा छ भने कक्षा १० मा पढ्ने विद्यार्थीहरूको सङख्या समेत प्रत्येक वर्ष घट्दो देखिन्छ । त्यस्तै विद्यार्थीहरूको नियमित उत्तीर्ण हुने प्रतिशत अत्यन्त कम रहेको छ ।

### ख) उत्कृष्ट ३ विद्यालयको नतिजा

पालिकाका माध्यमिक विद्यालयहरूमध्ये ३ वटा उत्कृष्ट विद्यालयको कक्षा ८, १० र १२ को वार्षिक परीक्षाको नतिजा निम्न छ ।

**तालिका नं. २**

*उत्कृष्ट नतिजाको अवस्था*

| विद्यालयको नाम | कक्षा | शैक्षिक सत्र र उत्तीर्ण प्रतिशत | | |
|---|---|---|---|---|
| | | २०७७।०७८ | २०७८।०७९ | २०७९।०८० |
| सा श्री शारदा मावि | ८ | १०० % | १०० % | ४८.२७ % |
| | १० | १०० % | ८५.४५ % | ९५.२८ % |
| | १२ | १०० % | ८०.९५ % | ४८ % |
| श्री त्रिमोहन मावि | ८ | १०० % | ८३.७२ % | ३७.८३ % |
| | १० | १०० % | ९४.११ % | ९२.३० % |
| | १२ | ९१.४८ % | ३४.६११ % | ३३ % |
| श्री कृष्ण मावि | ८ | ९२.३० % | ८७.२३ % | ३६ % |
| | १० | १०० % | ८८.३७१ % | ९२.५९ % |
| | १२ | ४२.८५ % | ७७ % | ७२ % |

*Sources : Secondary Schools of Aatharai Rural Municipality 2078,79,80*

आठराई गाउपालिकामा सञ्चालित उत्तीर्ण प्रतिशतमा उत्कृष्ट तीन विद्यालयको तीन शैक्षिक सत्रको नतिजाको मूल्याङ्कन गर्दा कक्षा ८ र १० को उतीर्ण प्रतिशत प्रत्येक शैक्षिक सत्रमा घट्दो अस्थमा रहेको छ । भने कक्षा १२ को उत्रीर्ण प्रतिशत औसत रहेको छ ।

## पूर्वाधारको अवस्था (Physical structure)

अध्ययनमा समेटिएका विद्यालयहरूको पूर्वधारको अवस्थामा पक्की कक्षा कोठा, लाइब्रेरी आइसिटी ल्याव, खेलमैदान, पक्की प्रसाशनिक भवन, विज्ञान प्रयोगशाला, विद्यालय घेरावाराले, पक्की शौचालय आदि पठनपाठनलाई व्यवस्थित बनाउन आवश्यक पर्ने पूर्वाधारहरूको आधारमा निम्न अवस्था रहेको छ ।

**तालिका नं. ३**

*भौतिक पूर्वाधार सम्बन्धी मापदण्डहरू*

| विद्यालयको नाम | पूर्वाधारहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लाईब्रेरी | ICT Lab | पक्की कक्षा कोठा | खेल मैदान | पक्की प्रशासनिक भवन | विज्ञान प्रयोगशाला | पक्की शौचालय | घेरावारा |
| श्री शारदा मावि | ✓ | ✓ | १८ | × | ✓ | ✓ | ✓ | ✓ |
| श्री पोखरी मावि | ✓ | ✓ | ४ | ✓ | × | ✓ | ✓ | × |
| श्री प्रणामी मावि | × | ✓ | ४ | × | × | × | ✓ | × |
| श्री सरस्वति मावि | ✓ | ✓ | ४ | ✓ | × | ✓ | ✓ | × |
| श्री त्रिमोहन मावि | ✓ | ✓ | ४ | ✓ | ✓ | ✓ | ✓ | × |

| विद्यालयको नाम | पूर्वाधारहरू | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लाईब्रेरी | ICT Lab | पक्की कक्षा कोठा | खेल मैदान | पक्की प्रशासनिक भवन | विज्ञान प्रयोगशाला | पक्की शौचालय | घेरावारा |
| श्री राम सस्कृत मावि | × | ✓ | × | × | × | × | × | × |
| श्री कृष्ण मावि | ✓ | ✓ | ६ | ✓ | ✓ | ✓ | ✓ | × |
| श्री महेन्द्र मावि | × | ✓ | ६ | ✓ | ✓ | × | ✓ | × |
| श्री भगवति मावि | ✓ | ✓ | ४ | ✓ | ✓ | ✓ | ✓ | × |

*स्रोतः आठराई गाउँपालिका शिक्षा शाखा, २०८१*

भौतिक पूर्वाधारको उपलब्धताको मूल्याङ्कन गर्दा सवै भन्दा सुविधा सम्पन्न र पर्याप्त भौतिक व्यवस्थापन भएको विद्यालय शारदा माध्यामिक विद्यालय रहेको छ भने सबै भन्दा कमजोर पूर्वाधार व्यवस्थापन भएको विद्यालय राम संस्कृत मावि रहेकोछ ।

## संस्थागत विकास तथा सुशासनको अवस्था

अध्ययनमा समेटिएका विद्यालयहरूको संस्थागत विकास तथा सुशासनलाई सहयोग पुर्‍याउने पिउने पानी, फिल्टर, शिक्षक अभिभावक सङ्घ, व्यवस्थापन समिति, SIP निर्माण, सूचना अधिकारी, शिक्षकहरूको कोठा, प्राथमिक उपचार वाकस, चमेना गृह र विद्यालय अभिलेखलाई आधार बनाई विश्लेषण गरिएको छ ।

**तालिका नं. ३**

*विद्यालयहरूको संस्थागत विकास तथा सुशासनका सूचकाङ्कहरू*

| विद्यालयको नाम | पिउने पानी फिल्टर | SIP निर्माण | सूचना अधिकारी | शिक्षकहरू को कोठा | प्राथमिक उपचार वाकस | चमेना गृह | शि.अ. सङ्घ | विद्यालय अभिलेख |
|---|---|---|---|---|---|---|---|---|
| श्री शारदा मावि | ✓ | ✓ | ✓ | ✓ | ✓ | × | ✓ | ✓ |
| श्री पोखरी मावि | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| श्री प्रणामी मावि | × | ✓ | ✓ | × | ✓ | × | ✓ | ✓ |
| श्री सरस्वति मावि | × | ✓ | ✓ | × | ✓ | ✓ | ✓ | ✓ |
| श्री त्रिमोहन मावि | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ | ✓ |
| श्री राम सस्कृत मावि | × | ✓ | ✓ | × | ✓ | × | ✓ | ✓ |
| श्री कृष्ण मावि | × | ✓ | ✓ | × | ✓ | ✓ | ✓ | ✓ |
| श्री महेन्द्र मावि | × | ✓ | ✓ | × | ✓ | × | ✓ | ✓ |
| श्री भगवति मावि | × | ✓ | ✓ | ✓ | ✓ | × | ✓ | ✓ |

*स्रोतः आठराई गाउँपालिका शिक्षा शाखा, २०८१*

संस्थागत विकाससँग र सुशासन सम्वन्धी विद्यालयको सुचकहरू मूल्याङ्कन गर्दा त्रिमोहन माध्यामिक विद्यालय र पोखरी माध्यमिक विद्यालयले सबैभन्दा बढी व्यवथित ढङ्गले यससँग सम्बन्धित सूचकलाई व्यवस्थित गरी संस्थागत गुणस्तर व्यवस्थापनलाई प्रभावकारी बनाएको छ । भने प्रणामी मावि, राम संस्कृत मावि, महेन्द्र माविमा शुद्ध पिउने पानी फिल्टर, शिक्षकको लागि कोठा र चमेना गृहलाई व्यवस्थापन गर्न अझै सकेको छैन । तीन वटै विद्यालयमा संस्थागत विकास र सुशासनसँग सम्बन्धित सूचक अनुसार कमजोर व्यवस्थापन रहेका छन् । तर भौतिक पूर्वाधार अवस्था कमजोर रहेका विद्यालयहरू मा समेत संस्थागत विकास र सुशासनसँग सम्बन्धित सूचकहरू तथा मापडण्डहरू सवल रहेका छन् ।

## ४. छलफल (Discussion)

यस अध्ययनमा माध्यामिक विद्यालयहरूको गुणस्तर व्यवस्थापन सम्बन्धी तीनवटा मापदण्ड तथा त्यससँग सम्बन्धित सूचकको तुलनात्मक अध्ययन तथा विश्लेषण गरिएको छ । पहिलो मापदण्डमा विद्यालयको शैक्षिक सत्रको वार्षिक नतिजा जसले विद्यालयको शैक्षिक गुणस्तरीयता व्यवस्थापनको अवस्थालाई सङ्केत गर्दछ जसमा ९ वटा विद्यालयहरूको ८,१० र १२ को तीन शैक्षिक सत्रको उत्तीर्ण प्रतिशत र ती मध्ये उत्कृष्ट नतिजा उत्तीर्ण (%) ल्याउने विद्यालयहरूको उत्तीर्ण प्रतिशतको नतिजाको अध्ययन विश्लेषण गर्दा ८०% भन्दा बढी विद्यालयहरूको वार्षिक नतिजा घट्दो प्रतिशतमा छ भने समग्र पालिका स्तरमा औसतमा ती कक्षाको विद्यार्थी सङ्ख्या घटेको नदेखिए तापनि विद्यालयहरू मा उक्त कक्षाहरू मा विद्यार्थी सङ्ख्या समेत घटेको अवस्था छ । दोस्रो विद्यालयमा शैक्षिक तथा प्रशासनिक र अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि आवश्यक पर्ने न्यूनतम पूर्वाधारहरू जसले प्रत्यक्षरूपमा विद्यालयको भौतिक पूर्वाधारको गुणस्तरीयतालाई प्रभाव पार्दछ जसमा पक्की कक्षा कोठा लाइब्रेरी, ICT Lab, खेलमैदान, पक्की प्रशासनिक भवन, विज्ञान प्रयोगशाला, पक्की शौचालय, विद्यालय घेरावारा आदिको तुलनात्मक अध्ययन तथा त्यसको गुणस्तरीयता विश्लेषण गर्दा नेपाल सरकारले विद्यालय शिक्षाका लागि तोकेको मापदण्डहरूमा ९ वटा विद्यालयमध्ये ५० प्रतिशत विद्यालयहरू मा भौतिक पूर्वाधारको अवस्था अत्यन्त कमजोर रहेको छ, अध्ययनमा समेटिएका ८ वटा सूचकहरूको तुलनात्मक विश्लेषण गर्दा २ वटा विद्यालयमा मात्र करिब ८८% मापदण्ड पूरा भएको छ भने एक विद्यालयमा १३% मात्र पूर्वाधारका मापदण्डहरू रहेको छ ।

तेस्रो अध्ययनको मापदण्डमा विद्यालयहरूको संस्थागत विकास तथा सुशासनको अवस्था जसले अप्रत्यक्ष रूपमा गुणस्तर व्यवस्थापनमा भूमिका खेलिरहेको हुन्छ यस अन्तर्गत खानेपानी SIP, सूचना अधिकारी शिक्षकहरूको कोठा, प्राथमिक उपचार बाकस, चमेना गृह, शिक्षक अभिभावक सङ्घ, विद्यालय अभिलेखको तुलनात्मक विश्लेषण गर्दा २ वटा विद्यालयहरूले सय प्रतिशत (१००%) मापदण्डहरू पूरा गरेको तर त्यसको गुणस्तर अवलम्बन र व्यावहारिक प्रयोग तथा कार्यान्वयन भने औसत रहेको छ ।

## ५. निष्कर्ष (Conclusion)

पहाडी जिल्लाका गाउँपालिकामा सञ्चालित माध्यमिक विद्यालयहरूको नतिजा उतीर्ण प्रतिशत औसतमा राम्रो देखिए तापनि त्यसको गुणात्मक पक्ष कमजोर रहेको साथै विद्यार्थीहरूको नियमित उत्तीर्ण प्रतिशत ज्यादै कम रहेको भए तापनि पूरक परीक्षाबाट उत्तीर्ण भएका विद्यार्थीहरूका कारणले उत्तीर्ण

प्रतिशत सन्तोसजनक रहेको छ । भौतिक पूर्वाधार संस्थागत विकास तथा सुशासनका सूचकहरू धेरै पूरा गरेका विद्यालयहरूको नतिजा उत्तीर्ण प्रतिशत समेत बढी रहेको छ ।

समयको परिवर्तन र बजारको माग अनुसारको प्राविधिक, सिप ज्ञान, सहितको प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्न कठिनाइ रहेको छ । त्यस्तै विद्यालयहरू मा भौतिक पूर्वाधारको सूचक समेत अत्यन्त कमजोर रहेको छ । त्यसको गुणस्तरीयता व्यवस्थापनका बजेटको अभाव, जिम्मेवारी बोध सक्षमताको अभाव, प्रभावकारी निरीक्षण तथा अनुगमन, आम्दामी स्रोतको अभावको कारणले नेपाल सरकारले तोकेको पूर्वाधार सम्बन्धी न्यूनतम मापदण्डको समेत पूरा गर्न सकेको छैनन् । कतिपय विद्यालयहरू मा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक समिति र प्रधानाध्यापक बिच द्वन्द हुँदा पारदर्शिता जवाफदेहिता नहुँदा, नेतृत्वको असक्षमताको कारणले समेत पूर्वाधारहरूको विकासमा अवरोध सृजना भएको छ । धेरै विद्यालयहरू मा ICT Lab को स्थापना गरिए तापनि त्यसको सञ्चालन तथा विद्यार्थीहरूलाई सूचना प्रविधि सम्बन्धी विषयमा अध्यापन गर्ने जनशक्ति नहुँदा विद्यार्थीहरू डिजिटल तथा सूचना प्रविधिको ज्ञान र सीपको विकासबाट विमुख भएका छन् । त्यस्तै पूर्वाधारका सूचक भन्दा संस्थागत विकास तथा सुशासनका मापदण्डहरूको विद्यालयहरू ले प्रभावकारी ढङ्गले व्यवस्थापन गरेका छन् जसले विद्यालयहरू सुशासन, पारदर्शिता र गुणस्तर व्यवस्थापनमा सचेत रहेको पाइएको छ ।

अन्त्यमा शैक्षिक गुणस्तर व्यवस्थापन गर्ने अवधारणा शैक्षिक संस्थाहरूका लागि नवीन अवधारणा हो यसका लागि पूर्वाधार, संस्थागत विकास र सुशासनका मापदण्डहरूलाई कार्यान्वयन गर्दा मात्र प्राप्त गर्न सम्भव हुँदैन । समग्र गुणस्तर व्यवस्थापनको अवधारण अनुरूप सक्षम तथा प्रतिवद्ध नेतृत्व, सरोकारवालाहरूको सहभागिता तथा सहयोग निरन्तरता तथा गतिशीलता, गुणस्तरीयताको प्रत्याभूति, उपलब्ध स्रोत साधनको उचित व्यवस्थापन तथा उपयोग पेसागत क्षमतामा अभिवृद्धि, सरोकारवालासँग उत्पादनशील र समधुर सम्बन्ध, शिक्षण तथा मूल्याङ्कन पद्धतिमा एकरूपता विश्वसनीयता, निरन्तर मूल्याङ्कन पृष्ठपोषण प्रभावकारी निरीक्षण तथा अनुगमन, आगतमा बेञ्च मार्किङ, उचित दण्ड र पुरस्कार प्रणाली तथ्य र तथ्याङ्कमा आधारित निर्णय प्रणाली आदि विधिहरूलाई समेत विद्यालयहरू सबै तहका सरकार तथा सम्बन्धित निकायहरूले आत्मसात गरी सामुहिकता मार्फत अवलम्वन गर्ने प्रयास गरे मात्र शैक्षिक संस्थाहरूमा गुणस्तर व्यवस्थापनको प्रक्रिया सुरूवात गर्न सकिन्छ । यस अध्ययनले नमुनाका रूपमा छनौट गरिएका माध्यामिक विद्यालयको अवस्थाबारे चित्रण गराएको छ । नेपाल सरकारलाई ग्रामीण स्थानमा सञ्चालित सामुदायिक विद्यालयहरूको गुणस्तरको अवस्था र गुणस्तर व्यवस्थापन गरी राज्यलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्नका लागि आवश्यक नीतिगत सुधार गर्न यस अध्ययनले सहयोग गर्नेछ ।

## सन्दर्भ सूची (References)

Aathrai Rural Municipality (2081). *School EMIS report 2081*. Aatharai Rural Municipality Educationa Brnach.

Acharya B. S. (2079). *Principle of management* . Asmita publisher and Distributer.

Acharya, B. R. (1958). *Histroy of nepalese education*. Nabin Shikenya.

Acharya. B.S. & Bhandari. D. R. (2023). Principle of of management. Asmita Books, Publishers and Distributors.

Action Aid (2017). *The right to the education under threat by privatisation in Nepal :Policy paper*. Norad.

Agrawal, G. R. (2010). *Principle of management*. M. K. publishers and Distributors.

Karki, B. (2076 Shrawn,6) *Quality edycation and teacher*. www.prasashan.com

Panthi, S. K. (2022). A theoretical discourse on quality education. *Curriculum Development. Journal 30 (44). 120-130.*

Seconary School of Aathrai Rural Municipality ( 2081). *School report of Secondary School of Aathrai Rural Municipality 2081*. Seconary School of Aathrai Rural Runicipality.

Shersth, K. N. (1982). *Educational experiments in Nepal*. Sanothimi, Nepal. om.np/books/edition/Educational_Experiments_in_Nepal/4yyfUH1MvtE

Shersth, K. N. (2014). *Genuine efforts for quality community Schools.* T.N. Centre for Education.

UNESCO (2005). *Incheon declaration and SDGS - education 2030 frame work for action.* UNESCO .